संघीय संसद
प्रतिनिधि सभा

# प्रतिनिधि सभा

## राज्य व्यवस्था तथा सुशासन समिति

सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल गरी तयार गरिएको प्रतिवेदन ।

**सम्माननीय सभामुखज्यू,**
**प्रतिनिधि सभा ।**

विषयः <u>सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन पेश गरेको ।</u>

सम्माननीय सभामुख महोदय,

प्रतिनिधि सभाको मिति २०७५।०४।२१ गतेको बैठकले **"सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक, २०७५"** माथि प्राप्त संशोधन सहित दफावार छलफलका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा पठाउने निर्णय गरेको थियो । राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७५ श्रावण २४ गते बसेको बैठकमा उक्त विधेयकका सम्बन्धमा माननीय सदस्यज्यूहरुकाबीच दफावार छलफल भई संशोधन सहित उक्त विधेयकलाई पारित गरेका छौ । मौलिक हकको कार्यान्वयन गर्ने क्रममा नेपालको संविधानको धारा २३ मा रहेको निवारक नजरबन्द विरुद्धको हकलाई संविधान अनुकुल बनाउने उद्देश्यले सरकारले ल्याएको विधेयकको महत्व र गाम्भीर्यतालाई मध्यनजर गरी हामीले जिम्मेवारी बोधका साथ समितिको दोस्रो बैठकबाट नै पारित गरेका छौं ।

विधेयकले खास गरी मुलुकको भौगोलिक अखण्डतालाई प्रस्तावनामा नै समेटेको, नजरबन्दमा राखिएको अवस्थामा चौबीस घण्टा भित्र व्यक्तिको स्थितिको बारेमा परिवारको सदस्य वा नजिकको नातेदारलाई जानकारी दिनु पर्ने साथै नजरबन्दबाट छोड्नु पर्दा सम्भव भए सम्म नजरबन्दमा रहेको व्यक्तिको परिवार वा नातेदार वा निजले इच्छाएको व्यक्तिको रोहवरमा छुट्ने व्यवस्था सर्व सम्मतिबाट नै संशोधन भई थप गरेको छ ।

संसदीय समितिहरुले सरकारका कामकारवाहीहरुलाई निगरानी गर्नुका साथै सरकारकालागि आवश्यक कानूनलाई जनमुखी तुल्याई छिटो छरितो किसिमले पारित गर्ने जिम्मेवारी संसदीय समितिको हुनेमा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सदस्यहरु सजग हुनु भएकोमा म समितिका सबै माननीय सदस्यज्यूहरुलाई यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी माननीय गृह मन्त्रीज्यू र मन्त्रालयका पदाधिकारीहरु साथै समिति सचिव र समितिका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय सभामुख महोदयको अनुमतिले अब म **सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक, २०७५"** सम्बन्धी समितिको प्रतिवेदन सदन समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।
मितिः २०७५।०४।२७

(दिलेन्द्र प्रसाद बडू)
जेष्ठ सदस्य
राज्य व्यवस्था तथा सुशासन समिति

## सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन, २०७५

संघीय संसद प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति

सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :

"४. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेको "श्रेस्तेदारको" भन्ने शब्दको सट्टा "श्रेस्तेदार र सम्भव भए सम्म नजरबन्दमा रहेको व्यक्तिको परिवारको सदस्य, नजिकको नातेदार वा नजरबन्दमा रहेको व्यक्तिले इच्छाएको व्यक्तिको" भन्ने शब्दहरु राखिएका छन् ।"